# मोलुङ गाउँपालिका, व्यवसाय दर्ता ऐन, २०७७

मोलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा, ओखलढुङ्गा

१ नं. प्रदेश

# मोलुङ गाउँपालिकाको व्यवसाय दर्ता ऐन, २०७७

<u>प्रस्तावनाः</u>

मोलुङ गाउँपालिका क्षेत्रभित्र रहेका व्यापारिक फर्मको दर्ता, नविकरण तथा खारजी गर्न, नियमन तथा अनुगमन गरी स्थानीय हाट बजारको व्यवस्थापन गर्न, स्थानीय व्यापारको तथ्याङ्क अध्यावधिक गर्न र स्थानीय व्यापारको प्रवर्द्धन तथा सहजीकरण गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मोलुङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम मोलुङ गाउँपालिका व्यवसाय दर्ता ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ऐन” भन्नाले मोलुङ गाउँपालिका व्यवसाय दर्ता ऐन, २०७६ सम्झनुपर्छ ।

(ख) “गाउँपालिका ” भन्नाले मोलुङ गाउँपालिका सम्झनुपर्छ ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत ” भन्नाले मोलुङ गाउँपालकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(घ) “कार्यालय ” भन्नाले मोलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ र सो शब्दले गाउँपालिकाको मातहातमा रहेको वडा कार्यालयलाई समेत जनाउदछ ।

**३. व्यवसाय दर्ता गरी संचालन गर्नुपर्नेः-** गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यवसाय सञ्चालन गर्न परेमा यस मोलुङ गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको शुल्क बुझाइ यस ऐन बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ ।

**४. व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्नेः-** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची -१ मा उल्लेखित ढाँचाको दरखास्त फारम भरी कार्यालयमा दिनु पर्नेछ । यस्तो दरखास्त फाराममा देहायका विवरणहरु खुलेको हुनुपर्छः-

(क) व्यवसायको नाम र ठेगाना

(ख) व्यवसायको प्रकृतिः उद्योग, व्यापार, सेवा

(ग) कारोबार गर्ने मुख्य वस्तु र सेवा

(घ) लगानी

(ङ) व्यवसायीको नाम र ठेगाना

(च) व्यवसायीको नागरिकताको प्रतिलिपि

(छ) व्यवसाय रहने घरधनी/जग्गाधनीको नाम ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरी यस मोलुङ गाउँपालिकाको आर्थिक ऐन २०७७ बमोजिम लाग्ने कर एवं अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि सम्बन्धित कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची -२ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची -३ बमोजिमको ढाँचामा व्यवसाय दर्ता प्रमाण पत्र उपलब्ध गराउँनु पर्नेछ ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा बढी स्थानमा व्यवसाय संचालन र थप कारोबार गर्नु पर्ने भएमा रु दुईसय दस्तुर तिरी मुख्य व्यवसायको शाखा व्यवसाय भनी दर्ता गराउनु पर्नेछ ।

<u>५. व्यवसायको नविकरण गर्नुपर्नेः</u>- दफा ४ बमोजिम दर्ता भएको व्यवसाय प्रत्येक आर्थिक वर्षको अषाढ मसान्तभित्र नविकरण गरी सक्नु पर्नेछ । सो समय म्याद भित्र नविकरण नगरेमा प्रत्येक महिनाको १० प्रतिशको दरले जरिवना लाग्ने छ । नविकरण शुल्क मोलुङ गाउँपालिकाको अर्थिक ऐन २०७७ बमोजिम हुनेछ ।

<u>६. विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्नेः</u>- (१) दफा ४ बमोजिम दर्ता भएका व्यवसायको विवरण हेरफेर गर्नुपर्ने भएमा पन्ध्र दिनभित्र सोको लिखित निवेदन कार्यालयमा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

(३) व्यवसायको प्रकृति वा सेवाको किसिम र व्यवसायको नाम परिवर्तन गर्नुपरेमा नयाँ व्यवसाय दर्ता लाग्ने दस्तुर सरह लाग्ने छ ।

<u>७. साझेदार थपघट र ठाउँसारी गर्नु परेमा स्वीकृति लिनुपर्नेः</u>

(१) एक व्यक्ति वा सो भन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ ।

राम

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी रु एकहजार दस्तुर लिई माग बमोजिम साझेदार थप गरिदिनु पर्नेछ ।
(३) गाउँपालिका क्षेत्रभित्र एक वडामा सञ्चालनमा रहेको पेशा व्यवसाय गाउँपालिकाको अर्को वडामा ठाउँसारीको लागि निवेदन परेमा वडा कार्यालयले आवश्यक जाँचबुझ गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिस जनाई सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ । यसरी सिफारिश प्राप्त भएकोमा ठाउँसारी हुने वडा कार्यालयले व्यवसाय दर्ता कितावमा ठाउँसारी जनाई साबिकको वडा कार्यालयमा ठाउँसारीको जानकारी दिनु पर्नेछ ।
(४) लउपदफा (३) बमोजिम ठाउँसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत कितावमा ठाउँसारी जनाई लगत खारेज गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।

(६) उपदफा (३) बमोजिम ठाउँसारी गर्न चाहने व्यवसायीले ठाउँसारी भई जाने व्यवसाय रहने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचवुझ गरी रु. पाँचसय दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।

(७) यस उपदफा बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ ।

८. कार्यालयले विवरण माग गर्न, निर्देशन दिन अनुगमन गर्न सक्नेः (१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा वुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलको अनुगमन तथा जाँचवुझ गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) यस ऐन बमोजिम दर्ता भएका पेशा व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राखु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको दायित्व हुनेछ ।

९. <u>व्यवसाय सञ्चालनको अनुमति लिनु पर्नेः</u> (१) गाउँपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायवाट प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने भएमा तत् निकायबाट समेत अनुमति लिई व्यवसाय संचालन गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

**१०. व्यवसाय दर्ता खारेज गर्न सकिने:** (१) यस ऐन बमोजिम व्यवसाय दर्ता भएपछि दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।

(२) यस ऐन बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिब कारण खोली व्यवसायीले सम्वन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लागत कट्टा वापत लिईने सेवा शुल्क रु. पाँचसय समेत असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ ।

(४) प्रचलित कानून विपरित कारोबार गरेमा, पेशा व्यवसाय संचालन गरेमा वा कार्यालयले दिएको निर्देशन उलंघन गरेमा कार्यालयले बाँकी बक्यौता कर तथा जरिवाना असुल गरी व्यवसायको दर्ता खारेज गर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा सम्वन्धित व्यवसायीको नाममा गाउँपालिकामा दुई वर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरी संचालन गर्न रोक लगाउन सक्नेछ।

**११. जरिवाना तथा थप दस्तुर लाग्ने:** (१) यस ऐनमा तोकिएको समयभित्र व्यवसाय नविकरण नगराएमा नियमानुसार लाग्ने दस्तुरमा थप जरीवाना तिरी व्यवसाय नविकरण गर्नुपर्नेछ ।

**१२. कर छुट तथा मिन्हा दिन सकिने:** (१) गाउँपालिका क्षेत्रमा व्यापार व्यवसाय दर्ता गर्न चाहने अपाङगता भएका व्यक्तिलाई व्यवसाय दर्ता लाग्ने दस्तुरमा पचास प्रतिशत छुट दिन सकिनेछ ।

**१३. प्रतिलिपि दिन सक्ने:** व्यवसाय दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा कार्यालयले आवश्यक जाँचबुझ गरी रु. पाँचसय प्रतिलिपि दस्तुर लिई नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

**१४. व्यवसाय संचालन नभएको सिफारिस दिन सक्ने:** प्रचालित कानून बमोजिम दर्ता भएको व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्वन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा प्रमाणित भएमा रु पाँच सय दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सक्नेछ ।

**१५. व्यवसाय दर्ता तथा नविकरण नगरी संचालन गरेमा  कारबाही हुने:** (१) प्रचलित कानून र यस ऐन बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपालिकाको क्षेत्रभित्र संचालन गरेको पाईएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई पन्ध्र दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि निर्देशन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएको मितिले पन्ध्र दिनभित्र व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिलाई गाउँपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु वन्द गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा वन्द गरेको तीन महिनाभित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा कार्यालयले नियमानुसार लाग्ने कर, जरिवाना र अन्य दस्तुर असुल उपर गरी व्यवसाय बन्द गर्न सक्नेछ ।

**१६. वाधा अडकाउ फुकाउने अधिकार:** (१) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यापालिकालाई हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**१७. खारेजी तथा बचाउ:** (१) यो ऐन बन्नु भन्दा अगाडि गाउँपालिकाबाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूचि -१

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित )

मोलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा, ओखलढुङ्गा ।

१ नं. पदेश, नेपाल

व्यसाय दर्ता /नविकरण निवेदन फाराम

मितिः- ..............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
मोलुङ गाउँपालिका
प्राप्चा, ओखलढुङ्गा ।
१ नं. पदेश, नेपाल

विषयः- व्यवसाय दर्ता / नविकरण गर्न अनुमित पाउँ ।

मैले /हामीले निम्न स्थानमा ................................................ व्यवसाय दर्ता/नविकरण गर्नु परेकोले मोलुङ गाउँपालिकाको व्यवसाय दर्ता ऐन, २०७७ को दफा ४ बमोजिम यो निवेदन दिएको छु/छौ ।

१. व्यवसायीको नाम,थरः........................................................

२. स्थायी ठेगानाः ...................जिल्ला......................गा.पा..................वडा नं...........

३. नागरिकता नं. ........................... जारी जिल्ला र गते ..............................

४. फर्म/व्यवसायको नामः ................................................................

५. व्यवसाय रहने स्थानको ठेगानाः वडा नं. ....................... फोन नं. ......................

इमेल नं........................................................

६.व्यवसायको प्रकृति..........................................

७. व्यवसायको प्रकार(कारोवार गर्ने वस्तु) ......................................................

८. व्यवसायको कुल पुंजी.....................................

९. व्यवसायको चालु पुंजी ................................

१०. व्यवासय वहालमा रहेको भए घरको घर धनिको नाम थर.................................

११. ठेगाना ............................................. वडा नं. ..................................

निवेदकको दस्तखत

अनुसूचि -२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित )

मोलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा, ओखलढुङ्गा ।

१ नं. पदेश, नेपाल

व्यवसाय दर्ता किताब

| क्र. स. | दर्ता नं. | व्यवसायको नाम | ठेगाना | व्यवसायीको नाम | कुल पुँजी | चालु पुँजी | दर्ता मिति | फोटो | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

मोलुङ गाउँपालिका प्राप्चा, ओखलढुङ्गा

अनुसूचि -३

(दफा ४ को उपदफा (३) सँग सम्वन्धित )

# मोलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा, ओखलढुङ्गा

१ नं. प्रदेश नेपाल

## व्यवसाय दर्ता प्रमाण-पत्र

दर्ता नं. ........................................ दर्ता मितिः..............................................

व्यवसाय/फर्मको नामः..........................................................................................

व्यवसायीको नामः..................................................................................................

घरधनीको नामः .....................................................................................................

व्यवसाय रहेको स्थानः ................................................. ठेगाना...........................

व्यवसाय रहेको बाटोको नामः ...............................................................................

व्यवसायको कुल पुँजीः ...........................................................................................

व्यवसायको चालु पुँजीः ...........................................................................................

व्यवसायीको इमेलः................................................. फोन नं. ...........................

पान/भ्याट नं. ..................................................................................

| क्र.स. | व्यवसायको प्रकार | व्यवसायको प्रकृति | वडा नं. | टोलको नाम |
|---|---|---|---|---|
| | | | | |

**शर्तहरुः**

१) प्रत्येक आ.व. को कर असार मसान्त भित्र बुझाईसक्नुपर्नेछ । सो म्याद भित्र नबुझाएमा प्रत्येक महिना १० प्रतिशतका दरले जरिमाना लाग्नेछ ।

२) व्यवसाय गर्ने आफ्नो स्थान बदल्नु परेमा गा.पा. बाट स्वीकृत लिनुपर्नेछ ।

३) आफुले संचालन गरेको व्यवसाय बन्द गर्नुपर्दा वा छाड्नु परेमा यस गा.पा. मा ३५ दिन भित्र लिखित जानकारी गराउनुपर्नेछ । अन्यथा व्यवसाय चालु नै रहेको मानिनेछ ।

४) यो प्रमाण-पत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखु पर्नेछ ।

५) आफुले संचालन गरेको व्यवसायमा बाल श्रमिकहरुको प्रयोग गर्न पाइने छैन ।

६) व्यवसायबाट निस्केका फोहोरमैला व्यवसायी आफैले व्यवस्थापन गर्नुपर्नेछ ।

७) यस कार्यालयमा दर्ता भए पछि पनि सम्वन्धित व्यवसायीले सम्बन्धि निकायबाट अनिवार्य रुपमा अनुमित लिएर मात्र व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

व्यवसायीको दस्तखत

प्रमाणित गर्ने अधिकारी

| क्र.सं. | नविकरण मिति | नविकरण सकिने मिति | प्रशासकीय अधिकृतको सही/छाप | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |

द्रष्टव्यः

- प्रमाण-पत्रको अवधि (१) वर्षको हुनेछ ।
- प्रमाण-पत्रको नविकरण गर्ने म्याद समाप्त भएको ३५ दिन भित्र सम्बन्धित शाखामा निवेदन दिई नविकरण गर्नुपर्नेछ ।